नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय

राजस्व अनुसन्धान विभाग

# राजस्व अनुसन्धान कार्यालय

पथलैया, बारा

## लिलाम बिक्रीको शीलबन्दी दरभाउपत्र आब्हानसम्बन्धी ७ (सात) दिने सूचना - पाना ३ ।

(प्रकाशित मिति २०८१/०४/३०)

यस कार्यालयबाट विभिन्न मितिमा कब्जा/जफत भएका तपशील बमोजिमका मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामै दरभाउपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले नियमानुसार दर्ता भएका इच्छुक फर्म तथा कम्पनीबाट निम्न शर्तको अधिनमा रही राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०७६ को दफा ३२ तथा सोही नियमावलीको नियम २६ बमोजिम शीलबन्दी लिलाम गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्रसम्वन्धी कागजातहरु खरिद गर्न निवेदन साथ नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मू.अ.कर तथा आयकरमा दर्ता भएको दर्ता प्रमाणपत्र र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति सहित न्यूनतम मूल्य रु. १ लाखसम्मको लागि रु. ३००/- र रु. १ लाख भन्दा माथी १० लाखसम्मको लागि रु. १,०००/- तथा १० लाख भन्दा माथिका लागि रु २,०००/- फिर्ता नहुने गरी यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट रकम बुझाएको रसिद संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयको लिलाम शाखाबाट कार्यालय समयमा खरिद गर्न सकिने छ । अन्तःशुल्क लाग्ने पदार्थको हकमा अन्तःशुल्क दर्ता प्रमाणपत्रको छायाँ प्रतिपेश गर्नु पर्नेछ ।

२. आफूले कबोल गर्ने दरभाउपत्रसम्बन्धी कागजातहरु कम्पनी तथा साझेदारी फर्म भए आधिकारिक प्रतिनिधि र अन्यको हकमा प्रोप्राईटर आफैंले वा निजको अख्तियारी दिएको आधिकारिक व्यक्तिले सहिछाप गरी शीलबन्दी खाम बाहिर "श्रीमान प्रमुख अनुसन्धान अधिकृत, राजस्व अनुसन्धान कार्यालय, पथलैया, बारा" र माथिपट्टी सूचना नं. र आ.व. उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन मध्यान्न १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । यसरी दर्ता हुन आएका दरभाउपत्र सोही दिन १७:०० बजेदेखि कार्यालय प्रतिनिधि र उपस्थित हुन आएका दरभाउपत्रदाता आफैं वा आधिकारिक प्रतिनिधिको रोहवरमा राजस्व अनुसन्धान कार्यालय, पथलैयामा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. प्रत्येक सूचना नम्बरको छुट्टाछुट्टै शीलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

४. आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, कलैया बाराको राष्ट्रिय वाणिज्य बैंक, कलैया शाखामा रहेको धरौटी खाता नं. १२६०१००१०२०३०००० मा कार्यालयको कोड नं.- ३०१०५२१०१ उल्लेख गरी फर्मको नामबाट रकम जम्मा गरेको सक्कल भौचर नै दरभाउपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ । प्रत्येक दरभाउपत्रको लागि छुट्टाछुट्टै भौचर पेश गर्नुपर्नेछ ।

प्रमुख अनुसन्धान अधिकृत

५. आफूले कबोल गरेको मूल्य (मु.अ.कर र अन्तःशुल्कबाहेकको रकम) अङ्क र अक्षर दुबैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. दरभाउपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम दाखिला गरी सामान उठाई लैजानु पर्नेछ ।

७. मालसामानको भौतिक अवस्था हेर्न चाहेमा दिनको ३.०० बजे देखि ४.०० बजे भित्र कार्यालय समयमा सम्पर्क गरी हेर्न सकिनेछ । दरभाउपत्रसम्बन्धी कागजात खरिद गर्नेहरूले मात्र मालसामानहरू हेर्न सक्नेछन् ।

८. दरभाउपत्रसम्बन्धी कागजातहरु खरिद/दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरु क्रमशः सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

९. अन्तःशुल्क स्टिकर लगाउनु पर्ने मालबस्तुको हकमा कवोल गर्ने व्यक्ति/ फर्मले आफ्नै खर्चमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट लाग्ने शुल्क तिरी अन्तःशुल्क स्टिकर खरिद गरी यस कार्यालयको रोहवरमा उक्त स्टिकर टाँस गरेर मात्र सामान उठाई लैजान दिईने छ ।

१०. यस कार्यालयको नाममा धरौटी खातामा रकम जम्मा गर्ने तर दरभाउपत्रसाथ धरौटी रसिद पेश नगर्ने, दरभाउपत्र फाराममा विवरण नभरी धरौटी रसिद संलग्न गरी पेश गर्ने, यो सूचना प्रकाशित हुनुभन्दा अघि नै धरौटी दाखिला गर्ने तथा दरभाउपत्र नै पेश नगरी धरौटी माग गर्न आउने फर्महरूको धरौटी रकम फिर्ता गर्न कार्यालय बाध्य हुने छैन ।

११. यस सम्बन्धी अन्य कुराहरू प्रचलित ऐन नियमानुसार हुनेछ ।

१२. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

<u>तपशील</u>

| क्रसं | सू.द.नं. | मालबस्तुको विवरण | न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | ४७७-०८०/०८१ | स्पिकर सानो ठुलो ६५ पिस, साडी २८ पिस, थानको कपडा ३३ मिटर | ८१७५०।- | |
| २ | ५७४-०८०/०८१ | कट्टु ३०० पिस, बच्चाको कट्टु र भेष्ट ६४२ पिस | ६५१८३।- | |
| ३ | ६७१-०८०/८१ | लेडिज कुर्थी २०४ पिस | ४५९००।- | |
| ४ | ६१५-०८०/०८१ | आमूल सेन्डो ३१० पिस आमुल कट्टु १८० पिस | ३१९१३।- | |
| ५ | ४१९-०७९/०८० | कफि दाना ५०४ केजी कपुर ६५ के.जी. | २८७४३८।- | |
| ६ | ५०९-०८०/०८१ | युरिया मल १४ बोरा चिनी ३८० केजी ,airpodd pro earphone७०पिस, बुलेटको साईलेन्सर ५ थान, बुलेटको सिट ६ थान, ब्रेक पाईप ९ पिस | १,०१,९८२।- | |
| ७ | ४६७-०८०/०८१ | गला भएको भेष्ट १९ पिस, कुर्था ८ पिस, भेष्ट १५ पिस, हाफ भेष्ट र कट्टु ३सेट, चिनी ५० के.जी. | १३६१३।- | |
| ८ | ५२२-०८०/०८१ | जेन्स पर्स ६८ पिस, लेडिज फ्रक १४० पिस, राज निवास १० पोका, तुलसी तमाकु १ झोला | २९७००।- | |
| ९ | ९४-०८०/०८१ | लेडिज कुर्था सरुवाल १५० पिस | ९००००।- | |
| १० | ६६८-०८०/०८१ | मोबाईलको ग्लास र कभर ८८ के.जी. | ६६०००।- | |
| ११ | ५८५-०८०/०८१ | आमूल सेन्डो १८० पिस | १५३००।- | |
| १२ | ६८८-०८०/०८१ | Genuine Leather झोला ७९पिस,लेदरको पर्स ३५पिस, ब्याग टायर ८४ पिस | ८५३७०।- | |

| क्रसं | सू.द.नं. | मालबस्तुको विवरण | न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|
| १३ | ७०२-०८०/०८१ | हुक्का फ्लेबर १२६ केजी | ८८२००।- | |
| १४ | ७०३-०८०/०८१ | विडी २२०० खिली | ११०००।- | |
| १५ | ६५१-०८०/०८१ | मरिच २१० के.जी. | ११८६५०। | |
| १६ | ६५०-०८०/०८१ | व्रिडिङ्ग पाउडर ५ बोरा चिनी १०० के.जी. | १४७६६।- | |
| १७ | ०३-०८१/०८२ | चिनी १०० के.जी. | ६०००।- | |
| १८ | ८-०८१/०८२ | मटरदाना ६६० के.जी. Gini Games choclate १३० पाकेट युरिया मल २ बोरा Red Rose choclate १० कार्टुन Thumpet pop choclate १० कार्टुन | ४६१००।- | |
| १९ | ०९-०८१/०८२ | चिनी ९८ के.जी., कोक ४६ बोतल | ७३००।- | |
| २० | १३-०८१/०८२ | गन्जी कपडा ३०० पिस | २१०००।- | |
| २१ | २७-०८१/०८२ | कुर्था ८ पिस, साडी ४७ पिस, थानको कपडा ४२० मीटर | ७३४५०।- | |

प्रमुख अनुसन्धान अधिकृत